आज मिति २०७४ साल भदौ महिनाको ०५ गते सोमवारका दिन दिउसोको ठिक २.०० वजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

**तपशिल :**

श्री किसान गुरुङ्ग , नगर प्रमुख, शुक्लागण्डकी नगरपालिका कार्यालय

श्री सविता रसाईली , नगर उपप्रमुख ,सदस्य(नगर कार्यापालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य(नगर कार्यापालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य(नगर कार्यापालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यापालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यापालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यापालिका)

श्री कृष्ण प्रसाद रेग्मी, सदस्य (नगर कार्यापालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यापालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यापालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यापालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यापालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यापालिका)

श्री गिता महत, सदस्य (नगर कार्यापालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यापालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यापालिका)

श्री सानुमाया थापा, सदस्य (नगर कार्यापालिका)

श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यापालिका)

श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यापालिका)

श्री भरत लामगादे, सदस्य (नगर कार्यापालिका)

श्री काशिराम गैरे, सचिव (नगर कार्यापालिका)

**अन्य उपस्थिति :**

श्री हिमा पोखेल, प्रशासकीय अधिकृत,

श्री तारापति भट्टराई , ईन्जिनियर ,

निर्णय नं. १

नगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गरि सरसफाई केन्द्र निर्माण गर्न फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रबाट संभाव्यता अध्ययन एवम सिफारिस भै प्रतिवेदन प्राप्त भएको ठाउ मध्ये वडा नं. ५ मा वालिङ्ग नगरपालिकाको मोडालिटीमा व्यवस्थापन गर्न ५ नं. वडामा वडाध्यक्षको नेतृत्वमा स्थानीय वडावासिहरुसग समन्वय गरि आवश्यक कार्य अघि वढाउने ।

निर्णय नं. २

शुक्लागण्डकी नगरपालिका नगर सभाबाट पारित वडा कार्यालय जोड्ने बाटोको शिर्षकबाट वडा नं. ३ जोड्ने दुलेगौडा हर्कपुर मार्ग लाई रु ६० लाख र , वडा नं. १२ जोड्ने दुलेगौडा लामागाउ वाडखोला मोटरमार्गलाई रु ६० लाखको आवश्यक कार्य अघि वढाउने ।

निर्णय नं. ३

नयाँ बन्ने वडा कार्यालय निर्माणका लागि दुइ स्थानिय तहँ जोड्ने रमकवाट खर्च गर्ने ।

निर्णय नं. ४.

शुक्लागण्डकी नगरपालिका वार्ड नं. ५ वेलचौतारामा रहेको ईलाका प्रहरी कार्यालयलाई वडा प्रहरी कार्यालयमा समाहित गर्न साथै शु.न.पा १० र ११ अन्तर्गत साँखे र शु.न.पा १ र २ अन्तर्गत कोत्रेमा प्रहरी चौकी स्थापनाको लागि गृह मन्त्रालयलाई र प्रहरी प्रधान कार्यालय काठमाण्डौलाई अनुरोध गर्ने ।

निर्णय नं. ५

नगरपालिकालाई बातावरणमैत्री नगरपालिका बनाउने प्रयोजनार्थ नगरपालिकाको बातावरणमैत्री कार्यक्रमबाट वडाध्यक्षहरुसग समन्वय गरि बातावरणमैत्री झोला अर्थात मार्केटिङ्ग झोला उत्पादन एवम् वितरण गर्ने ।

निर्णय नं. ६

शुक्लागण्डकी नगरपालिकाभित्र रहेका गरिव घरधुरी पहिचान गर्न आवश्यक मापदण्ड निर्धारण गर्न तपशिल बमोझिमको समिति बनाउने ।

तपशिल :

संयोजक : नगर प्रमुख,श्री किसान गुरुङ्ग

सदस्य : उप प्रमुख , श्री सबिता रसाईली

सदस्य : कार्यकारी अधिकृत , श्री काशी राम गैरे

सदस्य : श्री रामचन्द्र भण्डारी

सदस्य : श्री खिम कुमाल

निर्णय नं. ७

शु.न.पा १ तल्लीपोखरी निवासी श्री हिमकुमारी कामीको घर पुर्ण रुपले भत्किएको र आर्थिक एवं भौतिक सहयोग माग भै आएकोले निजलाई रु ५०,०००।- (अक्षेरुपी रु पचास हजार मात्र) रकम उपलब्ध गराउने ।

निर्णय नं. ८

शु.न.पा अन्तर्गत रहेका सवै वडाहरुमा संभव भएसम्म संम्वन्धित वडाको वडासचिव र प्रशासन तथा लेखा सहायकको संयुक्त हस्ताक्षरमा र संभव नभएमा वडा सचिव र कार्यकारी अधिकृतले तोकेको कर्मचारीको संयुक्त हस्ताक्षरमा वडागत खाता संचालन गर्ने ।

निर्णय नं. ९

वडा कार्यालयको खाता संचालन गरि वडागत योजनाको रकम पेश्की स्वरुप वडालाई उपलब्ध गराउने ।

निर्णय नं. १०

शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र संचालित क्रसर व्यवसायिहरुलाई नगरपालिकामा सुचिकृत गर्न सुचिकृत शुल्क रु १०,००० राखि सुचना प्रकाशन गर्ने ।

निर्णय नं. ११

नगर कार्यपालिकाको मिति २०७४।०२।२८ गतेको निर्णय अनुसार शिल्ड गरेको ढुङ्गा, गिटी ,वालुवा यस शुक्लागण्डकी नगरपालिकामा सुचिकृत भएका उधोगहरुका लागि बोलपत्र आव्हान गर्ने ।

निर्णय नं. १२

वडा नं. ९ लाई अस्थायी रुपमा संचालन गर्न हाललाई ८ नं. वडा कार्यालय ढोरफिर्दीके भवनमा रही तहाँबाटै सेवा सुचारु गर्ने ।

निर्णय नं. १३

मर्मत संभार कोषबाट खर्च गर्ने गरि नगरक्षेत्रभित्रका बर्षायाममा भत्केका मोटरमार्गहरुलाई मर्मत संभार गर्ने ।

निर्णय नं. १४

नगरपालिका क्षेत्रभित्र कालोतार प्रयोग गर्न बिधुत प्राधिकरण कार्यलयले पेश गरेको दररेटमा मर्मत संभार कोषबाट खर्च गर्ने गरि कार्य अघि बढाउने ।

निर्णय नं. १५

ढोर बाराहि मन्दिर सरसफाई गर्दै आउनुभएका कर्मचारी श्री पुर्ण बहादुर भुजेललाई यस अघि दिदै आएको पारिश्रमिकलाई निरन्तरता दिने ।

निर्णय नं. १६

शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक/अव्यवस्थित जग्गा व्यवस्थित गर्न संबन्धित निकायहरुमा आवश्यक पहल गर्ने ।

निर्णय नं. १७

राज्य पुर्नसंरचना पछी नगरसभाबाट स्वीकृत दरबन्दिमा कर्मचारी पदपुर्ती प्रक्रिया अघि बढाउन साबिकको पदपुर्ति समिति मार्फत कार्य अघि बढाउन नसकिने भएकोले पछि नगरसभाबाट पारित गर्ने गरि शु.न.पा ५ निवासी श्री मोहन अकेलीलाई पदपुर्ति समितिको अध्यक्षमा नियुक्ति गर्ने ।

निर्णय नं. १८

नगर प्रमुख , उप प्रमुख र कार्यकारी अधिकृतलाई प्रदान गरिएको मोबाइल फोनमा आवश्यक सञ्चार महशुल उपलब्ध गराउने ।

निर्णय नं. १९

नगरपालिकामा माग भइ आएका आर्थिक सहयोगका निवेदनमा बढीमा १० हजार सम्म नगर प्रमुख र नगर उप प्रमुखलाई आर्थिक सहायता गर्न सक्ने गरि अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. २०

नगर कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ५ गते ११ बजे बस्ने र सो दिन सार्वजनिक बिदा वा शनिवार परेको खण्डमा त्यसको भोलिपल्ट ठिक ११ बजे बस्ने ।

निर्णय नं. २१

निर्णय नं. २२

राष्ट्रिय मान्यता प्राप्त हरेक पार्टिको भातृ संगठनहरुको अधिवेशन/सम्मेलन गर्ने प्रयोजनार्थ आर्थिक सहयोग माग भइआएमा प्रत्येकलाई रु २,०००।- का दरले आर्थिक सहयोग रकम उपलब्ध गराउने ।

निर्णय नं. २३

शु.न.पा २ कवासेमा स्थापित श्री शहिद कृष्ण माध्यामिक विद्यालयको निर्माणाधिन कक्षा कोठा सम्पन्न गर्नका लागि मर्मत संभार कोषबाट खर्च गर्ने गरि रकम रु १ लाख ५० हजार रकम उपलब्ध गराउने ।

निर्णय नं. २४

हिन्दुहरुको महान पर्व हरितालिका तिजको अवसरमा वडा नं. ८ भित्रका संपुर्ण टोलविकास संस्थाहरुको संयुक्त आयोजना र ८ नं. वडा कार्यालयको सहआयोजनामा संचालित युवा खेलकुख तथा तिजगित प्रतियोगिता सम्पन्न गर्न आर्थिक सहायता रकम माग भई आएकोमा नगरपालिकाको युवा तथा खेलकुद शिर्षकबाट खर्च गर्ने गरि प्रथम पुरस्कार रु १,०१,१११।- रकम उपलब्ध गराउने ।

निर्णय नं. २५

हिन्दुहरुको महान पर्व हरितालिका तिजको अवसरमा आयोजित तिजगित प्रतियोगिता सम्पन्न गर्न आर्थिक सहायता माग भइ आएका निवेदनमा प्रत्येकलाई ८,०००।- रकम मिल्दो शिर्षकवाट उपलब्ध गराउने ।